श्री नव-ज्योति माध्यमिक विद्यालय
विरुवा गाउँपालिका १. स्याङजा
स्थापित : २०२४

SHREE NAVA JYOTI SECONDARY SCHOOL

Biruwa Rural Municipality – 1, Syangja

ESTD : 2024

Letter No : ०८३\०८४
Ref. No : ९४३

मिति (Date) : २०८३/०७/१२

जो जससँग सम्बन्धित छ ।

विषय : सरुवा सहमतिका लागि दरखास्त आव्हान गरिएको बारे ।

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८३/०७ /१२ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. ५२४ मिति २०८३/०७ /१२ को पत्र अनुसार यस विद्यालयमा मिति २०८३/०७ /११ गतेदेखि शिक्षक सरुवाका कारण रिक्त भएको माध्यमिक तह तृतीय श्रेणी, नेपाली विषयको दरबन्दीमा स्थायी शिक्षक सरुवा प्रक्रियाबाट पदपूर्ति गर्नुपर्ने भएकाले शिक्षा नियमावली २०५९ (दशौं शंशोधन २०८३) को सरुवा व्यवस्था बमोजिम उक्त दरबन्दीमा योग्य स्थायी शिक्षकहरुबाट सूचना प्रकाशन भएको मितिदेखि १५ दिन (मिति २०८३/०७ /२६ गते) भित्र विद्यालय समयमा सरुवा सहमतिका लागि दरखास्त आव्हान गरिएको छ ।

आवश्यक कागजातहरु

- हस्तलिखित निवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- सेवाअवधि खुलेको कागजपत्र,
- स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
- यस अघि सरुवा भएका शिक्षकको हकमा सरुवा र रमाना पत्र को प्रतिलिपि,
- शैक्षिक योग्यता तथा तालिम प्रमाणपत्रको प्रतिलिपि,
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिर भएको कागजात,
- असाधारण तथा बेतलबी बिदा लिए / नलिएको कागजात,
- विद्यालयको सहमति पत्र र विद्यालय व्यवस्थापन समितीको सरुवा सहमति प्रदान गरेको निर्णयको प्रतिलिपि,
- सम्बन्धित स्थानिय तहको सहमतिपत्र,
- शिक्षा नियमावली २०५९ (दशौं शंशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण र कागजात,
- शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको प्रमाणित फारम

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय एकाई, स्याङजा जानकारी तथा वेवसाइडमा सूचना प्रकाशित गरिदिनुहुन ।

श्री शिक्षा युवा तथा खेलकुद शाखा विरुवा गाउँपालिका, जानकारी तथा वेवसाइडमा सूचना प्रकाशित गरिदिनुहुन ।

विद्यालयको सम्पर्क नं: ९८४६०८२३०४

निवेदन इमेल मार्फत पनि दिन सकिनेछ । इमेल : navajyotibgp1@gmail.com

बम बहादुर राना
प्रधानाध्यापक
Headmaster

Scanned with CamScanner